नेपाल सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
सम्पत्ति शुद्धिकरण निवारण इकाई
(................................शाखा)

फोन नं. : ४-४६५४३६२, ४-४६११७७
फ्याक्स : ४-४६५५१७
email: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

01C

पत्र संख्या :- ०७५/७६
चलानी नं. :- १६२
प्राप्त पत्र संख्या र मिति :-

मिति :- २०७५।०५।१८

विषय : प्रतिवेदन पठाउने सम्बन्धमा ।

श्री राष्ट्रिय सहकारी महासङ्घ लि., पुल्चोक ललितपुर ।
श्री राष्ट्रिय सहकारी बैङ्क लि., कुपण्डोल, ललितपुर ।

श्री नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लि. नयाँबानेश्वर, काठमाडौं केन्द्रीय दुग्ध सहकारी सङ्घ लि., नयाँबानेश्वर, काठमाडौं केन्द्रीय तरकारी तथा फलफूल सहकारी सङ्घ लि., कालिमाटी, काठमाडौं जनार केन्द्रीय सहकारी सङ्घ लि., तीनकुने, काठमाडौं नेपाल केन्द्रीय उपभोक्ता सहकारी सङ्घ लि., बसुन्धरा, काठमाडौं नेपाल मौरीपालन केन्द्रीय सहकारी सङ्घ लि., भरतपुर, चितवन नेपाल कृषि सहकारी केन्द्रीय सङ्घ लि., बागडोल, ललितपुर केन्द्रीय कफि सहकारी सङ्घ लि., नयाँबानेश्वर, काठमाडौं केन्द्रीय उखु उत्पादक सहकारी सङ्घ लि., बर्दिवास, महोत्तरी केन्द्रीय चिया सहकारी सङ्घ लि. इलाम नेपाल सूचना तथा सञ्चार केन्द्रीय सहकारी सङ्घ लि., कलङ्की, काठमाडौं नेपाल केन्द्रीय जडिबुटी सहकारी सङ्घ लि., बुद्धनगर, काठमाडौं नेपाल केन्द्रीय स्वास्थ्य सहकारी सङ्घ लि., स्वयम्भु, काठमाडौं नेपाल विद्युत् केन्द्रीय सहकारी सङ्घ लि., हनुमानथान, काठमाडौं नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी सङ्घ लि., एकान्तकुना, ललितपुर केन्द्रीय बीउबिजन सहकारी सङ्घ लि., बल्खु, काठमाडौं केन्द्रीय पशुपन्छीपालन सहकारी सङ्घ लि., प्रयागमार्ग, काठमाडौं नेपाल केन्द्रीय मत्स्य सहकारी सङ्घ लि., पुरानोबानेश्वर, काठमाडौं केन्द्रीय सुपारी सहकारी सङ्घ लि., झापा केन्द्रीय पर्यटन सहकारी सङ्घ लि., नयाँबानेश्वर, काठमाडौं ।

सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी सङ्घसंस्थालाई जारी गरिएको निर्देशन, २०७४ को दफा २८ को उपदफा (१) र (२) मा देहायबमोजिमको व्यवस्था रहेको बेहोरा विदितै छ :–

(१). संस्थाले यो निर्देशनबमोजिम सम्पादन गरेका कार्यहरूको चौमासिक प्रतिवेदन अनुसूची ६ को ढाँचामा उक्त अवधि व्यतीत भएको ७ दिनभित्र कार्यालयमा पठाउनुपर्नेछ ।

तर बचत तथा ऋणको मुख्य कारोबार नगर्ने संस्थाका साथै रु. पाँच करोडभन्दा कम जायजेथा भएका संस्थाले वार्षिक रूपमा अनुसूची ६ बमोजिमको प्रतिवेदन उक्त अवधि व्यतीत भएको ७ दिनभित्र पठाउनुपर्नेछ ।

नेपाल सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
(सम्पत्ति शुद्धिकरण निवारण इकाई शाखा)

फोन नं. : ४-४६५३६२, ४-४६११७७
फ्याक्स : ४-४६५५१७
email: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या :- ०७५/७६
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

मिति :-

(२). उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय सहकारी महासङ्घ वा केन्द्रीय सहकारी सङ्घ र सहकारी बैङ्कले विभागले तोकेको ढाँचामा विभागमा चौमासिक अवधि व्यतीत भएको ७ दिनभित्र चौमासिक प्रतिवेदन पठाउनुपर्नेछ ।

तत्सम्बन्धमा त्यस महासङ्घ/सङ्घमा आबद्ध रहेका सहकारी सङ्घसंस्थाहरूले नियमन क्षेत्राधिकार अनुसार सम्बन्धित स्थानीय तह वा प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वा यस विभागमा देहायबमोजिम प्रतिवेदन पेस गर्न जानकारी गराउनुका साथै सोको अभिलेख राख्ने एवं त्यस महासङ्घ/सङ्घ/बैङ्कको प्रगति प्रतिवेदनसमेत यस विभागमा पेस गर्ने व्यवस्थाका लागि आदेशानुसार अनुरोध गर्दछु :-

क) निर्देशन जारी भएको आर्थिक वर्ष २०७४/७५ मा निर्देशनबमोजिम सम्पादित कार्यहरूको वार्षिक प्रतिवेदन २०७५ साउन ७ गतेभित्र पठाउनुपर्नेमा नपठाएको भए यथाशीघ्र पठाउने;

ख) आर्थिक वर्ष २०७५ /७६ देखि निर्देशनको दफा २८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएका (अर्थात् बचत तथा ऋणको मुख्य कारोबार नगर्ने र गरे तापनि वासलातको सम्पत्तिको जम्मा रकमअनुसार रु. ५ करोडभन्दा कम जायजेथा भएका) सहकारी संस्थाहरूले वार्षिक रूपमा नै र अन्य सबै सहकारी सङ्घसंस्था वा बैङ्कले चौमासिक रूपमा नित्य प्रगति प्रतिवेदन पठाउने र

ग) खण्ड (क) र (ख) बमोजिम सदस्य सङ्घसंस्था वा बैङ्कले प्रगति प्रतिवेदन पठाए, नपठाएको तहाँबाट समेत अभिलेख राखी अनुगमन गर्ने व्यवस्था मिलाउने ।

पुनश्च : सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी सङ्घसंस्थालाई जारी गरिएको निर्देशन, २०७४ यस विभागको वेबसाइट www.deoc.gov.np मा समेत उपलब्ध रहेको बेहोरा अनुरोध छ ।

नारायणप्रसाद अर्याल
(उपरजिष्ट्रार)